अल्लाहले तिमीहरूलाई आफ्ना पिता-पुर्खाहरूको कसम खानबाट निषेध गर्नुभएको छ

उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले तिमीहरूलाई आफ्ना पिता-पुर्खाहरूको कसम खानबाट निषेध गर्नुभएको छ ।" उमर (रजियाल्लाहु अनहु) ले भने: अल्लाहको कसम! जुन दिनदेखि मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट यो हदीस सुनेको छु, पुर्खाहरूको कहिल्यै कसम
खाएको छैन । नत जानाजानी न त कसैको नक्कल गरेर नै। [सही] [मुत्तफकुन अलैहि]

यस हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो कि अल्लाहले आफ्नो पुर्खाहरूको कसम खान निषेध गर्नुभएको छ । तसर्थ, जो कसम खान चाहन्छ, उसले अल्लाहको मात्र कसम खाओस् र उहाँबाहेक अरू कसैको कसम नखाओस् । त्यसपछि उमर (रजियाल्लाहु अनहु) ले भन्नुभयो कि अल्लाहको कसम! जुन दिनदेखि मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट आफ्ना पुर्खाहरूको कसम खान निषेध गरेको कुरा सुने, मैले पुर्खाहरूको कहिल्यै कसम खाएको छैन । नत जानाजानी न त कसैको शपथ नक्कल गरेर नै ।

https://sunnah.global/hadeeth/ne/show/2945